म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

वर्षः१७ अङ्कः- ८३ २०८२ माघ २७ गते मंगलबार 10 February 2026, Tuesday - पृष्ठ ४ मूल्य रू. ५/-

### निर्माणधीन पुलबाट मोटरसाइकल खस्दा २ जनाको मृत्यु

दाङमा मोटरसाइकल दुर्घटना हुँदा २ जनाको मृत्यु भएको छ। सोमबार बिहान साढे ८ बजे दाङको घोराही उपमहानगरपालिका-१६ सेवाखोलामा घोराहीबाट तुलसीपुर जाँदै गरेको लु.प्र ०२-००१ प ११०२ मोटरसाइकल दुर्घटना हुँदा २ जनाको मृत्यु भएको हो ।

जिल्ला प्रहरी कार्यालय दाङका सूचना अधिकारी डिएसपी रेशम बोहराका अनुसार उक्त मोटरसाइकल अनियन्त्रित भएर सेवाखोलाको निर्माणधीन पुलबाट खसेको थियो । दुर्घटनामा मोटरसाइकल चालक रोल्पाको त्रिवेणी गाउँपालिका-७ का २८ वर्षीय ज्ञानेन्द्र बुढाथोकी र पछाडि सवार दाङकै तुलसीपुर उपमहानगरपालिका-१७ झिंगेका ३९ वर्षीय कमल वलीको मृत्यु भएको डिएसपी बोहराले जानकारी दिए । उनीहरूलाई उपचारका लागि घोराहीस्थित राप्ति स्वास्थ्य विज्ञान प्रतिष्ठान पुऱ्याउँदा चिकित्सकले मृत घोषणा गरेको हो । *(स्रोतः सेतोपाटी)*

# हेटौँडा क्याम्पसमा त्रिविअन्तर्गत नयाँ भर्ना बन्द

समाज संवाददाता

हेटौँडाः हेटौँडा क्याम्पसले शैक्षिक सत्र २०८२/०८३ का लागि त्रिभुवन विश्वविद्यालय (त्रिवि) अन्तर्गतको स्नातकोत्तर तह (एमएड) कार्यक्रममा पहिलो सेमेस्टरको कक्षा सञ्चालन नहुने जानकारी दिएको छ । बिहीबार क्याम्पस प्रमुख बालकृष्ण शर्मा घिमिरेद्वारा जारी सूचनामा कक्षा सञ्चालन नहुने जनाएको छ ।

क्याम्पसले जारी गरेको सूचनाअनुसार एमएड कार्यक्रमको अन्तरवार्ता तथा प्रवेश परीक्षा सम्पन्न गरी नतिजा प्रकाशित गरिए पनि हेटौँडा क्याम्पस बागमती प्रदेश विश्वविद्यालय अन्तर्गत आङ्गिक क्याम्पसको रूपमा सञ्चालन हुनसक्ने अवस्था बनेपछि त्रिभुवन विश्वविद्यालय अन्तर्गत नयाँ भर्ना नगर्न निर्देशन प्राप्त भएको जनाएको छ। प्रवेश परीक्षा दिएका विद्यार्थीहरू जुनसुकै कलेजमा गएर पनि पढ्न पाउने व्यवस्था रहेको छ। प्रवेश परीक्षा हेटौँडा क्याम्पसमा मात्रै सञ्चालन हुने गरेको क्याम्पस प्रमुख घिमिरेले जानकारी दिनुभयो । परीक्षामा ६२ जना विद्यार्थीहरू सहभागी भएका थिए ।

गत पुस २८ गते क्याम्पस सञ्चालक समिति, बागमती विश्वविद्यालय र त्रिभुवन विश्वविद्यालयको कार्यालयले गरेको सम्झौताअनुसार त्रिभुवन विश्वविद्यालय अन्तर्गतका कक्षा सञ्चालन नहुने भएको हो । दुई विश्वविद्यालय एउटै क्याम्पसमा सञ्चालन गर्न कठिन हुने भएकाले बागमती विश्वविद्यालय अन्तर्गतको शैक्षिक कार्यक्रममात्र सञ्चालन गर्न लागिएको घिमिरेले बताउनुभयो ।

हेटौँडा क्याम्पसमा २०८३/८४ देखि त्रिभुवन विश्वविद्यालय अन्तर्गतका नयाँ भर्ना नहुने भएको छ । क्याम्पसमा यस वर्ष बागमती विश्वविद्यालय अन्तर्गतका बीबीए र बीएडका कक्षाहरू सञ्चालन भइरहेको छ। आगामी वर्षबाट स्नातक तहका एलएलबी, बीएचएम, बीपीएम र स्नातकोत्तर तहका कक्षाहरू सञ्चालन हुनेछन् ।

क्याम्पसमा आगामी वर्षबाट ११, १२ कक्षाहरू पनि सञ्चालन हुँदैनन् । क्याम्पसमा अब स्नातक, स्नातकोत्तर र त्यसपछिका कक्षाहरू मात्रै सञ्चालन हुने क्याम्पस प्रमुख घिमिरेले जानकारी दिनुभयो । बागमती विश्वविद्यालय अन्तर्गतका शैक्षिक कार्यक्रमहरु राष्ट्रिय र अन्तर्राष्ट्रिय मागअनुसारका छन् । त्रिवि अन्तर्गतका शिक्षकहरूले पढाइ पूरा नहुन्जेलसम्म पठनपाठन गराउने घिमिरेले बताउनुभयो । कक्षा ११, १२ विद्यालय तह भएकाले त्यसै अन्तर्गत रहेर पढाइ हुनेछ ।

त्रिभुवन विश्वविद्यालय अन्तर्गत स्नातक र स्नातककोत्तर दुबै तहको कुनै पनि विषयमा विद्यार्थी भर्ना नहुने सहायक क्याम्पस प्रमुख मनोज पोखरेलले जानकारी दिनुभयो । क्याम्पसमा अहिले २ हजार ४ सय जना विद्यार्थी अध्ययनरत रहेका छन् । आगामी दिनमा बागमती प्रदेश विश्वविद्यालयका कक्षा सञ्चालन गर्ने तयारीमा रहेको पोखरेलले जानकारी दिनुभयो ।

# पूर्वप्रअ थापाको स्मृतिमा परिवारले स्थापना गऱ्यो अक्षयकोष




*अक्षयकोष स्थापनाका लागि चेक हस्तान्तरण गरिँदै ।*

समाज संवाददाता

हेटौँडा : मकवानपुरको भीमफेदी गाउँपालिका-२ स्थित कृष्ण माध्यमिक विद्यालयका पूर्वप्रधानाध्यापक तुलसी थापाको परिवारले विद्यालयमा अक्षयकोष स्थापना गरिदिएको छ । तुलसी थापाको स्मृतिमा ३ लाख रुपैयाँको अक्षयकोष स्थापना गर्न परिवारले सहयोग गरेको हो । तुलसी थापाकी बहिनी बेली थापाले सोमबार विद्यालयलाई ३ लाख रुपैयाँको चेक हस्तान्तरण गर्नुभएको छ ।

अक्षयकोषबाट प्राप्त हुने आम्दानीबाट एसईईमा उत्कृष्ट नतीजा हासिल गर्ने विद्यार्थीलाई पुरस्कृत गरिने विद्यालयका सहायक प्रधानाध्यापक कृष्ण पौडेलले जानकारी दिनुभयो। यो वर्ष कृष्ण माविबाट ३२ जनाले एसईई दिँदैछन् । एसईई दिने विद्यार्थीलाई विद्यालयले विद्यालयमै खाने व्यवस्थासहित पठनपाठन गरिरहेको छ ।

मंसिरदेखि आवासीय सुविधासहित पठनपाठन गराइरहेको विद्यालयलाई वडाले ४ लाख रुपैयाँ बजेट उपलब्ध गराएको सहायक प्रधानाध्यापक पौडेलले बताउनुभयो । १० कक्षासम्म पठनपाठन हुने कृष्ण माविमा ४ सय ५० जना विद्यार्थी अध्ययनरत छन् ।

# मनहरीमा आजदेखि एचपीभी खोप लगाइने

समाज संवाददाता

हेटौँडाः मकवानपुरको मनहरी गाउँपालिकाले कक्षा ६ मा अध्ययनरत छात्राहरूलाई लक्षित गर्दै एचपीभी (ह्युमन प्यापिलोमा भाइरस) विरुद्धको खोप कार्यक्रम सञ्चालन गर्ने भएको छ। सोमबार गाउँ कार्यपालिकाको कार्यालयले एक सूचना जारी गर्दै आज मंगलबारदेखि खोप कार्यक्रम सञ्चालन हुने जनाएको छ ।

बिहीबारसम्म मनहरी गाउँपालिकाभित्र रहेको १४ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयका ४ सय ४७ जना विद्यार्थीलाई खोप लगाउने वरिष्ठ विद्यालय निरीक्षक प्रदिप परजुलीले जानकारी दिनुभयो । तालिमप्राप्त स्वास्थ्यकर्मीहरुले खोप लगाउनु हुनेछ भने विद्यालय नर्सले पनि सहयोग गर्नुहुने पराजुलीले बताउनुभयो ।

नेपाल सरकारद्वारा देशव्यापी रूपमा सञ्चालन गरिरहेको पाठेघरको मुखको क्यान्सर विरुद्धको एचपीभी खोप मनहरी गाउँपालिकाभित्रका कक्षा ६ मा अध्ययनरत सामुदायिक तथा संस्थागत विद्यालयका छात्राहरूलाई लगाइनेछ । सूचनामा सम्बन्धित विद्यालयहरूलाई कक्षा ६ का छात्राहरूलाई खोप कार्यक्रममा सहभागी गराउन अनुरोध गरिएको छ ।

# छुट्टाछुट्टै घटनामा २ जनाको मृत्यु

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेशको २ जिल्लामा एकैदिन २ जनाको मृत्यु भएको छ। प्रदेशको धादिङ र नुवाकोट जिल्लामा आइतबार २ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

नुवाकोटको तारकेश्वर गाउँपालिका-५, गोर्स्याङमा घर भई हाल काठमाडौं महानगरपालिका-१५, स्वयम्भू बस्ने ४१ वर्षीया गंगामाया तामाङको घाँटीमा मासु अड्किएर मृत्यु भएको छ । ल्होछार मनाउन आफ्नै दिदीको घर तार्केश्वर गाउँपालिका-५, गोर्स्याङ गएकी तामाङको सोमबार बेलुका ८ बजेको समयमा खाना खाने क्रममा घाँटीमा मासु अड्किएको थियो । उपचारका लागि उनलाई त्रिशूली अस्पताल लगिएकोमा राति १० बजेर ४५ मिनेटको समयमा चिकित्सकले मृत घोषणा गरेको प्रहरीले जानकरी दिएको छ ।

धादिङको थाक्रे गाउँपालिका-६, दशकिलास्थित पृथ्वीलोकमार्गमा दुईवटा बस एकआपसमा ठोक्किँदा एक जनाको मृत्यु भएको छ भने ५ घाइते भएका छन् । आइतबार बिहान ७ बजेर ३० मिनेटको समयमा दाङबाट काठमाडौंतर्फ आउँदै गरेको प्र.३-०१-००६ ख १५५२ नम्बरको बस र विपरीत दिशाबाट (काठमाडौं-रसुवा रिजर्भ) जाँदै गरेको बाप्र ०१-००६ ख ५२०६ नम्बरको बस ठोक्किँदा दुर्घटना भएको थियो भने ठक्कर पछि बस नजिकैको टिनले छाएको कच्ची खाजा पसलमा समेत ठोक्किएको प्रहरीले जानकारी दिएको छ ।

दुर्घटनामा खाजा पसलमा चिया खाँदै गरेका धादिङ धुनिवेशी नगरपालिका-९, स्याउले बस्ने ३५ वर्षीय सुजन तामाङ गम्भीर घाइते भएका थिए भने पसल साहु बाँके बैजनाथ गाउँपालिका-१ का ५४ वर्षीय खगेश्वर शर्मा, उनकी श्रीमती ४४ वर्षीया पद्मा शर्मा, बसमा सवार ८ वर्षीया सफलता पुलामी मगर, दाङ तुलसीपुर-कपुरकोट गाउँपालिका-६ ४६ वर्षीय दीलिप महतरा तथा सल्यान कपुरकोट-५ घर भई हाल काठमाडौं बस्ने ४५ वर्षीय वीरबहादुर महतरा घाइते भएका छन् । गम्भिर घाइते सुजनलाई उपचारका लागि काठमाडौंको ट्रमा सेन्टर लगिएकोमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

घाइतेमध्ये केहीको अवस्था मध्यम र केहीको सामान्य रहेको छ । १५५२ नम्बरको बस चालक दाङ जिल्लाको तुलसीपुर उपमहानगरपालिका-६ का २४ वर्षीय सन्तोष नेपाली र ५२०६ नम्बरको बस चालक रसुवा जिल्ला उत्तरगया नगरपालिका-४ का ४२ वर्षीय राजकुमार वाईवालाई नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।

# मकवानपुरमा ६ जना फरार प्रतिवादी पक्राउ

समाज संवाददाता

हेटौँडा : जिल्ला प्रहरी कार्यालय मकवानपुरले विभिन्न मुद्दामा अदालतबाट फैसला भई फरार रहेका ६ जना प्रतिवादीलाई पक्राउ गरेको छ ।

मकवानपुर जिल्ला अदालतबाट विभिन्न मितिमा कैद तथा जरिवाना सजाय तोकिएका तर फरार रहेका प्रतिवादीहरूलाई खोजीको क्रममा फेला पारी आइतबार पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ।

पक्राउ पर्नेहरूमा चोरी मुद्दामा १५ दिन कैद र २ हजार रुपैयाँ जरिवाना सजाय पाएका हेटौँडा उपमहानगरपालिका-१६ का ३९ वर्षीय रवि नगरकोटी, लागूऔषध मुद्दामा ६ महिना कैद र २ हजार रुपैयाँ जरिवाना सजाय पाएका हेटौँडा-१० का शनि रानाभाट पक्राउ परेका छन् । यस्तै बहु विवाह मुद्दामा १ वर्ष कैद र ४ हजार रुपैयाँ जरिवाना सजाय पाएका मनहरी गाउँपालिका-१ का ३२ वर्षीय प्रेम बहादुर जोगी, बैंकिङ कसुरमा १ महिना कैद र २५ लाख रुपैयाँ जरिवाना सजाय पाएका बागमती गाउँपालिका-७ का ३८ वर्षीय अमर खड्का मगर, सालको काठ चिरान मुद्दामा ४-४ महिना कैद र २ हजार रुपैयाँ जरिवाना सजाय पाएका बागमती गाउँपालिका-२ का उद्धव बहादुर राई र मकवानपुरगढी गाउँपालिका-३ का अजय सिंह सुनारलाई पक्राउ गरेको प्रहरीले जनाएको छ ।

पक्राउ परेका सबै प्रतिवादीलाई आवश्यक कारबाहीका लागि मकवानपुर जिल्ला अदालतमा बुझाइएको प्रहरीले जानकारी दिएको छ। जिल्ला प्रहरी कार्यालय मकवानपुरले केहिदिन देखि फरार प्रतिवादीको खोजी कार्यलाई निरन्तरता दिइने जनाएको छ ।




जनहितका लागि

समृद्ध समाज राष्ट्रिय दैनिक

हेटौँडा, मकवानपुर

## सम्पादकीय

# आचारसंहितामा बाँध्न कठिन

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचन नजिकिँदै गर्दा चुनावी प्रचारप्रसारले तिब्रता पाएको छ । निर्वाचन आयोगले निर्वाचनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी तथा विश्वसनीय बनाउन गत माघ ५ गतेबाट निर्वाचन आचारसंहिता-२०८२ लागू गरेको छ । निर्वाचन आयोगले प्रचारप्रसारलाई मर्यादित बनाएर भड्किलो हुन नदिन प्रचारप्रसार गर्ने समय पनि १५ दिनमात्र तोकेको छ । आयोगले आगामी फागुन ४ गतदेखि मात्र औपचारिक रुपमा प्रचारप्रसारको समयतालिका निर्धारण गरेको भए पनि राजनीतिक दल तथा उम्मेदवारहरु निर्वाचन प्रचारप्रसारमा जुटिसकेका छन् । गत माघ ६ गते उम्मेदवारको मनोनयनसँगै अनौपचारिक प्रचारप्रसार सुरु भइसकेको छ । उम्मेदवारहरु दलबलसहित मतदाताको घरघरमा पुगिरहेका छन् ।

निर्वाचन प्रचारप्रसारको समय सुरु नभएकाले दलहरुले औपचारिकरुपमा र्‍याली, जुलुश, आमसभा, कोणसभाजस्ता कार्यक्रम नगरे पनि मतदाता भेटघाटको नाममा सामूहिक भेला भने गरिरहेका छन् । घरदैलोको क्रममा ठूला-साना समूह हिँडडुल गर्दा सामान्य र्‍याली तथा जुलुशजस्तै बन्ने गरेको छ । आचारसंहिताले प्रचारप्रसारमा तडकभडक हुन नदिन धेरै कुराहरुमा बन्देज लगाए पनि प्रचारप्रसार सुरु नहुँदै आचारसंहिता उल्लंघन भएको भन्दै आयोगमा थुप्रै उजुरी परिरहेका छन् । चुनावी गतिविधि तिब्र बन्दै जाँदा र आचारसंहिता उल्लंघनका घटना बढ्दै जाँदा आयोगले राजनीतिक दल, दलका नेता, कार्यकर्ता, उम्मेदवार, सञ्चार माध्यमका साथै अन्य सरोकारवालालाई आचारसंहितामा बाँध्न सकिरहेको छैन ।

मकवानपुर जिल्लामा पनि केही उम्मेदवार तथा राजनीतिक दलहरुले निर्वाचन आचारसंहिता उल्लंघन गरिरहेको भन्दै कारबाही गरिने चेतावनी दिइएको छ । जिल्लाको मुख्य निर्वाचन अधिकृतको कार्यालयले आइतबार सर्वपक्षीय बैठक गरेर अबका दिनमा निर्वाचन आचारसंहिता उल्लंघन भएको पाइए कारबाही गर्ने चेतावनी दिइएको हो । मकवानपुरका मुख्य निर्वाचन अधिकृत, प्रदेश निर्वाचन कार्यालय हेटौंडाका प्रमुख, मकवानपुरका प्रमुख जिल्ला अधिकारी, सहायक प्रमुख जिल्ला अधिकारी एवम् निर्वाचन आचारसंहिता अनुगमन अधिकृतलगायतले निर्वाचन आचारसंहिता उल्लंघन नगर्न राजनीतिक दल तथा उम्मेदवारलाई आग्रह गरेका हुन् । उम्मेदवारहरुले आचारसंहिता उल्लंघन गर्दै सार्वजनिक स्थलमा दलको झण्डा राखेको, सरकारी सवारी साधनको प्रयोग भएको, तोकिएको समयबाहेक पनि निर्वाचनको प्रचारप्रसार भइरहेको बताइएको छ । सार्वजनिक सवारीमा प्रचारप्रसारको सामग्री प्रयोग गरेको तथा प्रचार्‌सारमा दलको झण्डा वा निर्वाचन चिह्न अंकित टिसर्ट, भेस्ट तथा क्यापहरु प्रयोग भइरहेको भन्दै सचेत गराइएको छ । प्रचारप्रसारमा विद्यालय तथा बालबालिकाको प्रयोग गरिएको, सामाजिक सञ्जालको दुरुपयोग गरेको, टोलैपिच्छे सम्पर्क कार्यालय खोली तोकिएको १० वटाभन्दा बढी झण्डा तथा ब्यानरहरु राख्ने काम गरिएको पाइएको भन्दै यस्ता कामहरु नगर्न चेतावनी दिइएको हो ।

निर्वाचन आचारसंहिता उल्लंघन गर्ने उम्मेदवारहरुलाई घटनाको प्रकृति हेरेर एक लाखसम्म जरिवाना गर्नुका साथै उम्मेदवारी रद्द गरिने तथा निर्वाचन कसुरमा अन्य कारबाहीसमेत गर्न सकिने व्यवस्था छ । अहिले निर्वाचन प्रचारप्रसार नगरेर घरदैलोमात्र गर्न पाउने समयमा पनि आचारसंहितामा बाँध्न कठिन भइरहेकाले फागुन ४ गतेबाट सुरु हुने प्रचारप्रसारको समयमा जटिल समस्या पर्नसक्ने आशंका गरिएको छ । निर्वाचन आयोग र मातहतका कार्यालयका साथै स्थानीय प्रशासन तथा सुरक्षा निकायले निर्वाचन आचारसंहिता पालना गर्न आग्रह गरिरहँदा पनि आचारसंहितको पालना हुन नसक्दा निर्वाचनको सहज वातावरण बनाउन नसकिने हो कि भन्ने आशंका भइरहेको छ । पर्याप्त र प्रभावकारी अनुगमन गर्दै आचारसंहिता उल्लंघन गर्नेलाई कारबाही नगर्ने हो भने आचारसंहितामा बाँध्न कठिन हुने निश्चित छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : सामाजिक कार्यमा समय व्यतित होला । |
| वृष | : आवेग र रिसमा नियन्त्रण गर्दा राम्रो रहन्छ । |
| मिथुन | : व्यवसायका असजिला पक्षहरु निराकरण होला । |
| कर्कट | : कीर्ति र प्रतिष्ठामा बढावा हुने समय छ । |
| सिंह | : आर्थिक र व्यवहारिक समस्याले सताउने छ । |
| कन्या | : मानसिक अस्थिरताको समय योग छ । |
| तुला | : नियमित कामधन्धामा असर पर्न सक्छ । |
| वृश्चिक | : लामो समयदेखि गुमेको धन हातपर्न सक्छ । |
| धनु | : आनन्दको पुनर्ताजगी हुने समय योग देखिन्छ । |
| मकर | : एकाग्रतामा कमी हुने समय योग छ । |
| कुम्भ | : सरकारी पक्षबाट लाभ प्राप्त हुने समय छ । |
| मीन | : परोपकारी कामबाट भाग्यवृद्धि हुने समय छ । |

# समृद्ध नेपालका लागि उपभोक्ता अधिकार



✍माधव तिमल्सिना

राज्यको केन्द्रबिन्दुमा नागरिक हुन्छन् र प्रत्येक नागरिक अनिवार्य रूपमा उपभोक्ता हुन्छन् । नेपालको संविधानको धारा ४४ ले प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक र कमसल वस्तु वा सेवाबाट क्षति पुगेका व्यक्तिलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हकलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ ।

तर, व्यवहारमा नेपाली उपभोक्ताहरु अझै पनि महँगी, मिसावट, कृत्रिम अभाव, कार्टेलिङ र सिन्डिकेटको चपेटामा छन् । राजनीतिक दलहरूले निर्वाचनका समयमा जारी गर्ने घोषणापत्रहरु केवल सत्तामा पुग्ने भऱ्याङमात्र नभई जनतासँग गरिने विकास र सुशासनका प्रतिबद्धता हुन् । त्यसैले उपभोक्ता अधिकार संरक्षण र प्रवर्द्धनलाई आगामी राजनीतिक कार्यदिशाको अभिन्न अंग बनाउनु अनिवार्य छ ।

### उपभोक्ता अधिकारको वर्तमान अवस्था र चुनौती

नेपालको बजार अहिले पनि पारदर्शी र प्रतिस्पर्धी हुन सकेको छैन । खाद्यान्नमा मिसावट, औषधिमा कालोबजारी, पेट्रोलियम पदार्थमा हुने पटक-पटकको मूल्यवृद्धि, खाद्यवस्तुहरूमा हुने अस्वाभाविक र कृत्रिम मूल्यवृद्धि, अभाव र सार्वजनिक यातायातमा हुने असुविधाले उपभोक्ता सधैं प्रताडित छन् ।

बजार अनुगमन केवल कुनै संवैधानिक निकायको निर्देशन, सञ्चारमाध्यममा आउने समाचारको प्रभाव, अधिकारकर्मीहरूको आवाज र वार्षिक लक्ष्य पूरा गर्नमात्र हुने गरेको छ । कानुनी रूपमा उपभोक्ता अदालत गठन गर्ने प्रावधानपछि उपत्यका मुकाम रहने गरी करिब एक वर्ष अगाडि काठमाडौंमा स्थापना भए तापनि त्यसको प्रभावकारी जनअपेक्षा अनुरुप कामकारबाही ढिलो हुँदा अन्य स्थानमा स्थापनामा ढिलाइ हुनुले उपभोक्ताले न्याय पाउने ढोका थुनिएको महसुस हुन्छ ।

यस्तो अवस्थामा राजनीतिक दलहरुले आफ्नो घोषणापत्र मार्फत स्पष्ट नीतिगत व्यवस्था र कार्यान्वयनको खाका प्रस्तुत गर्नु आवश्यक छ । व्यापार व्यवसायमा आबद्ध व्यक्तिहरूको राजनीतिक संलग्नता र संरक्षणले उपभोक्ता अधिकार कुण्ठित भएकाले त्यस्ता व्यक्ति वा समूहलाई सदस्यता नदिने र दिएको भए पनि खारेज गर्ने प्रतिबद्धता आवश्यक छ ।

### घोषणापत्रमा समावेश गरिनुपर्ने मुख्य नीतिगत व्यवस्था

### उपभोक्ता अदालत स्थापना र सुदृढीकरण

उपभोक्ता संरक्षण ऐन २०७५ मा उपभोक्ता अदालत गठन गर्ने व्यवस्था छ । राजनीतिक दलहरुले आफ्नो घोषणापत्रमा 'प्रत्येक प्रदेशमा कम्तीमा एक र क्रमशः सबै जिल्लामा उपभोक्ता अदालत विस्तार गर्ने' नीति लिनुपर्छ । यसले उपभोक्ताका उजुरीहरूको छिटो र छरितो सुनुवाइ सुनिश्चित गरी न्यायमा पहुँच पुऱ्याउने छ । जसबाट संविधानप्रदत्त मौलिक हक संरक्षण र प्रवर्द्धनमा सहयोग पुग्ने छ ।

### स्वतन्त्र र शक्तिशाली उपभोक्ता अधिकार प्राधिकरण गठन

हालको वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागलाई थप शक्तिशाली र स्वायत्त बनाउँदै एक 'राष्ट्रिय उपभोक्ता संरक्षण प्राधिकरण' गठन गर्ने नीति लिनुपर्छ । यस्तो निकायले राजनीतिक हस्तक्षेपमुक्त भई बजार अनुगमन, गुणस्तर परीक्षण, कारबाही, प्रोत्साहन गर्ने प्रक्रिया अगाडि बढाइ बजारमा हुने सबैखाले विभेद अन्त्य गर्दै उपभोक्ताको अनुहार हेरेर वस्तु र सेवाको मूल्य, गुणस्तर, नापतौल तोक्ने कामको अन्त्य गर्ने प्रतिबद्धता आवश्यक छ ।

### तीन तहको सरकारबीच समन्वय र जिम्मेवारी बाँडफाँट

संघीयतामा बजार अनुगमनको मुख्य जिम्मेवारी स्थानीय तहलाई दिइएको छ । तर, प्राविधिक जनशक्ति र प्रयोगशाला अभावमा स्थानीय तह प्रभावहीन देखिएका छन् । राजनीतिक दलहरूले 'प्रत्येक पालिकामा गुणस्तर मापन प्रयोगशाला, खाद्य गुणस्तर प्रयोगशाला र क्षेत्रगत बजार निरीक्षक (खाद्य, औषधि, नापतौल, बिउबिजन, विषादी) व्यवस्था' गर्ने ठोस प्रतिबद्धता जनाउनुपर्छ ।

आपूर्ति श्रृङ्खलामा बिचौलिया अन्त्य

उत्पादक र उपभोक्ताबीच रहेका सात-आठ तहका बिचौलियाका कारण किसानले उचित मूल्य नपाउने र उपभोक्ताले महँगोमा किन्नुपर्ने अवस्था छ । दलहरूले सहकारी मार्फत प्रत्यक्ष कृषि बजार सञ्चालन गर्ने र बिचौलियाको संख्यालाई कानुनी रुपमा सीमित गर्ने नीति अघि सार्नुपर्छ । बजार तह र अत्यावश्यक वस्तुहरुको समर्थन मूल्य तोक्ने प्रतिबद्धता जनाउनुपर्दछ ।

### विद्युतीय व्यापार नियमन

पछिल्लो समय अनलाइन सपिङ बढ्दो छ, तर यसमा ठगीका घटना पनि उत्तिकै छन् । डिजिटल बजारमा उपभोक्तालाई सुरक्षा दिन 'ई-कमर्स ऐन' ल्याउने र अनलाइनबाट किनिएका सामान फिर्ता गर्ने र रिफन्ड पाउने अधिकार कानुनी रूपमा अनिवार्य बनाउने नीति घोषणापत्रमा हुनुपर्छ ।

### वैज्ञानिक मूल्य निर्धारण र पारदर्शिता

वस्तु तथा सेवाको लागत मूल्य र बिक्री मूल्यबीचको अन्तरलाई पारदर्शी बनाउन 'वैज्ञानिक मूल्य निर्धारण पद्धति' लागु गरिनुपर्छ । अधिकतम खुद्रा मूल्य (एमआरपी) तोक्ने प्रक्रियामा सरकारको प्रभावकारी भूमिका रहने र विलासिताका वस्तु तथा अत्यावश्यक वस्तुको मूल्यमा वर्गीकरण गरी नियन्त्रण गर्ने नीति लिनुपर्छ ।

### खाद्य सम्प्रभुता र गुणस्तर परीक्षण

बजारमा पाइने तरकारी र फलफूलमा विषादीको मात्रा परीक्षण गर्ने संयन्त्रलाई सीमानाका र ठूला बजारमा अनिवार्य गर्ने प्रतिबद्धता हुनुपर्छ । 'स्वच्छ खाना, स्वस्थ नागरिक' को नारा साकार पार्न राष्ट्रिय खाद्य प्रयोगशालालाई अन्तर्राष्ट्रियस्तरको बनाउने र प्रत्येक खाद्यवस्तुमा अनिवार्य लेबलिङ (नेपाली भाषामा समेत) गर्ने व्यवस्था मिलाउनुपर्छ । जसका लागि आवश्यक पर्ने प्रविधि भित्र्याउने र आवश्यक प्राविधिक जनशक्ति व्यवस्था गर्ने प्रतिबद्धता जनाउनुपर्दछ ।

### सिन्डिकेट, कार्टेलिङ र एकाधिकार पूर्ण अन्त्य

खाद्यान्न, यातायात, शिक्षा, स्वास्थ्य, निर्माण सामग्री लगायत क्षेत्रमा रहेको अघोषित सिन्डिकेटका कारण उपभोक्ता मारमा छन् । यस्ता एकाधिकारवादी समूहलाई कडा कारबाही गर्ने र बजारलाई पूर्णरूपमा स्वच्छ प्रतिस्पर्धी र उपभोक्तामैत्री वातावरण प्रोत्साहन गर्ने नीति दलहरूको प्राथमिकतामा पर्नुपर्छ ।

### उपभोक्ता शिक्षा र चेतना अभिवृद्धि

'सचेत उपभोक्ता नै उत्तम रक्षक हो' भन्ने मान्यतासाथ विद्यालय शिक्षाको पाठ्यक्रममै उपभोक्ता अधिकारका विषय समावेश गर्ने नीति लिनुपर्छ । टोल-टोलमा उपभोक्ता सचेतना कार्यक्रम सञ्चालन गर्न गैरसरकारी संस्थाहरूसँग सहकार्य गर्ने नीतिगत व्यवस्था हुनुपर्छ ।

### सार्वजनिक सेवामा गुणस्तर प्रत्याभूति

विद्युत्, खानेपानी, दूरसञ्चार र यातायात जस्ता सरकारी सेवा पनि उपभोक्ता अधिकारकै पाटो हुन् । यी सेवामा हुने ढिलासुस्ती र अनियमितता हटाउन 'क्षतिपूर्ति सहितको नागरिक बडापत्र' लागु गर्ने प्रतिबद्धता दलहरूले गर्नुपर्छ ।

### अन्तर्राष्ट्रिय प्रतिबद्धता र नेपालको भूमिका

नेपाल संयुक्त राष्ट्रसंघको सदस्य राष्ट्र भएको नाताले उसका निर्देशिकाका पालना गर्नु नेपालको अन्तर्राष्ट्रिय दायित्व हो । सार्क र बिमस्टेक जस्ता क्षेत्रीय संगठनमा पनि उपभोक्ता संरक्षणका विषयमा साझा संयन्त्र बनाउन नेपालले नेतृत्वदायी भूमिका खेल्नुपर्छ । अन्तरदेशीय व्यापारमा हुने ठगी नियन्त्रण गर्न छिमेकी राष्ट्रहरुसँग सुपुर्दगी र सूचना आदानप्रदानको सन्धि गर्ने प्रतिबद्धता दलहरूले गर्नुपर्छ ।

### निष्कर्ष

उपभोक्ता अधिकार संरक्षण कुनै दयाको विषय होइन, यो नागरिकको नैसर्गिक अधिकार हो । अन्तर्राष्ट्रिय असल अभ्यासहरूलाई आत्मसाथ गर्दै नेपालको संवैधानिक व्यवस्थालाई व्यावहारिक रूपमा उतार्नु आजको आवश्यकता हो । राजनीतिक दलहरूले आफ्नो घोषणापत्रमा केवल अमूर्त सपनामात्र बाँड्ने होइन, बरु प्रत्येक नागरिकको भान्सा सुरक्षित बनाउने, बजार मर्यादित बनाउने र ठगी गर्नेलाई दण्डित गर्ने, राम्रा गर्नेहरूलाई पुरस्कृत गर्ने ठोस कार्ययोजना ल्याउनुपर्छ ।

जबसम्म उपभोक्ता सचेत हुँदैनन् र राज्य संयन्त्र बलियो हुँदैन, तबसम्म समृद्धिको नारा अधुरो रहन्छ । त्यसैले 'सचेत उपभोक्ता, मर्यादित बजार र जिम्मेवार राज्य' को अवधारणालाई मूलमन्त्र मानी नीतिगत र संरचनागत सुधारमा जानु नै आजको एकमात्र बाटो हो ।

घोषणापत्रमा लेखिएका शब्दहरू केवल चुनावी नारामा मात्र सीमित नभई सरकार बनेपछि कार्यान्वयनको कार्ययोजना समेत बन्नुपर्छ । सचेत मतदाताले अब दलहरूको घोषणापत्रमा भौतिक पूर्वाधार (बाटो, पुल) मात्र होइन, आफ्नो भान्सा र दैनिक जीवनसँग प्रत्यक्ष जोडिएको 'उपभोक्ता अधिकार' खोज्नुपर्ने बेला आएको छ । राज्यले उपभोक्तालाई संरक्षण गर्दा नै न्यायपूर्ण समाज निर्माण हुन्छ ।

*(स्रोतः अनलाईनखबर)*

# साथी, सामाजिक सञ्जालको 'फ्रेन्ड' भन्दा फरक आयम



✍पुजा खड्का

साथी शब्द सुन्दा नै मनमा एक प्रकारको आत्मीयता र विश्वासको भावना जागृत हुन्छ । यो शब्द मात्र होइन, यो त जीवनको एक अमूल्य उपहार हो, जसले हाम्रो अस्तित्वलाई अर्थपूर्ण बनाउँछ । तर, वास्तवमा साथीको परिभाषा के हो ? यसलाई शब्दकोशीय अर्थमा मात्र सीमित गरेर बुझ्न सकिँदैन ।

साथी भनेको त्यो व्यक्ति हो, जसले निस्वार्थ भावले साथ दिन्छ, जसको उपस्थितिले जीवनका हरेक मोडमा हौसला मिल्छ र जसको साथले दुःखहरू हलुका हुन्छन् । यो नाता मानव जातिको सबैभन्दा मिठो, गहन र पवित्र सम्बन्ध हो, जसमा स्वार्थको कुनै स्थान हुँदैन । अन्य नाताहरूमा कुनै न कुनै स्वार्थ मिसिएको हुन्छ- चाहे त्यो पारिवारिक होस् वा व्यावसायिक । तर, साथीत्व भनेको चोखो माया, सम्मान र समझदारीको आधारमा टिकेको हुन्छ ।

आजको एक्काइसौं शताब्दीमा सामाजिक सञ्जालहरूको प्रभावले हाम्रो मनोवृत्ति परिवर्तन भएको छ । फेसबुक, इन्स्टाग्राम र टिकटक जस्ता प्लेटफर्महरुमा 'फ्रेन्ड' को संख्या बढाउने होडबाजी चल्छ, तर वास्तविक साथीत्वको गहिराइलाई हामीले भुल्दै गएका छौं । यहाँ हरेक कुरामा 'तँ भन्दा म के कम ?' भन्ने प्रतिस्पर्धा हुन्छ । लाइक, कमेन्ट र शेयरको यो लतले हामीलाई स्वार्थी बनाएको छ । यसले गर्दा, त्यो पवित्र साथीत्वको नातालाई पनि प्रश्नचिन्हमा राखेको छ ।

हामीले देखाउने माया र समर्थन प्रायः सतही हुन्छ, जसमा वास्तविक भावना हुँदैन । तर, साँचो साथी भनेको त्यो हो, जसले तपाईंको खुसीमा आफ्नो खुसी देख्छ र दुःखमा निस्वार्थ साथ दिन्छ । ऊ तपाईंको मनोभावना बुझ्छ, तुरुन्त प्रतिक्रिया दिन्छ र जीवनका हरेक चुनौतीमा साथ उभिन्छ । यो नै साथीको मूलभूत परिभाषा हो- एक अर्काका लागि चट्टान जस्तो अडिग रहने, बिना कुनै अपेक्षाको माया गर्ने र विकासमा सहयोग गर्ने व्यक्ति ।

मैले आफ्नो जीवनमा यस्ता साथीहरुको अनुभव गरेको छु, जसले यो परिभाषालाई जीवन्त बनाएका छन् । स्कुले जीवनदेखि कलेज स्तरसम्मका साथीहरूको एउटा समूह छ, जसमा कोही नेपालमै छन् भने अधिकांश विदेशमा । भूगोलले हामीलाई टाढा बनाए पनि, हाम्रो हृदय एकै ठाउँमा जोडिएको छ । यो समूह आजको स्वार्थी समाजमा एक उदाहरणीय मोडेल हो, जसबाट हामीले गर्व गर्न सक्छौं ।

यदि कसैलाई कुनै समस्या पर्छ भने, त्यहाँ प्रश्नहरु हुँदैनन्- तुरुन्त समाधान खोजिन्छ । विचार-विमर्श गरेर उचित सल्लाह दिइन्छ, आर्थिक वा भावनात्मक सहयोग गरिन्छ । यो सम्बन्ध परिवार भन्दा पनि उच्च छ, किनकि यसमा विश्वास यति प्रगाढ छ कि कुनै पनि परिस्थितिमा टुट्दैन । हामी एक-अर्काका लागि ढाल बनेर उभिन्छौं, जसले जीवनका तुफानहरुमा पनि अडिग रहन मद्दत गर्छ ।

यी साथीहरुले पारिवारिक वा कुल-कुटुम्बका स्वार्थी नाताहरूबाट आफूलाई टाढा राखेका छन् । उनीहरू एक-अर्काको सफलतामा खुसी हुन्छन्, जसमा ईर्ष्या हुँदैन । यदि कोही असफल हुन्छ भने, हौसला दिन्छन् र फेरि उठ्न प्रेरित गर्छन् । यो निस्वार्थ माया, सम्मान र व्यक्तित्व विकासको आधारमा टिकेको छ ।

उदाहरणका लागि, मेरो एक साथीले विदेशमा जागिर गुमाएपछि हामी सबैले मिलेर उनलाई नयाँ अवसर खोजिदियौं । अर्को साथीको स्वास्थ्य समस्या हुँदा, हामीले भावनात्मक समर्थन मात्र होइन, उपचारका लागि सहयोग पनि जुटायौं । यस्ता घटनाहरूले प्रमाणित गर्छ कि साँचो साथीत्व भनेको केवल सँगै हिँड्ने वा बोल्ने मात्र होइन, आवश्यकतामा साथ उभिने र सही बाटो देखाउने हो । यसले गल्तीहरु सुधार्छ र जीवनलाई अझ राम्रो बनाउँछ ।

साथी शब्दमा नै यसको अर्थ लुकेको छ- 'साथ' दिने व्यक्ति । यो कपट, ईर्ष्या,

...बाँकी पृष्ठ ३ मा

# ९६.७ प्रतिशत घरपरिवारमा विद्युत्, गण्डकीमा करिब शतप्रतिशत



काठमाडौं : नेपालका ९६.७ प्रतिशत घरपरिवारमा विद्युत् सेवा पुगेको छ ।

राष्ट्रिय तथ्यांक कार्यालयले सोमबार सार्वजनिक गरेको 'चौथो नेपाल बहुसूचक सर्वेक्षण २०८१/८२' ले यो तथ्यांक देखाएको हो ।

जस अनुसार सबैभन्दा धेरै गण्डकी प्रदेशमा करिब शतप्रतिशत घरपरिवारमा विद्युत् सेवा पुगेको छ । गण्डकीमा ९९.५ प्रतिशत घरपरिवारमा विद्युत् सेवाको निरन्तर स्रोत उपलब्ध रहेको देखिएको छ ।

सबैभन्दा कम भने कर्णाली प्रदेशमा छ । जहाँ ८०.८ प्रतिशत घरपरिवारमा मात्र विद्युत् सेवाको निरन्तर स्रोतमा पहुँच पुगेको सर्वेक्षणबाट देखिएको छ ।

सहर र ग्रामीण भेगको तुलना गर्दा सहरमा ९८.२ प्रतिशत घरमा निरन्तर विद्युत् सेवा पुगेको देखिन्छ । ग्रामीण भेगमा यो दर ९३.७ प्रतिशत छ ।

प्रदेश अनुसार कोशीमा ९७.२ प्रतिशत घरमा विद्युत् सेवा पुगेको छ । जहाँ शसहरी भेगमा ९८.८ प्रतिशत र ग्रामीण भेगमा ९७.२ प्रतिशत घरपरिवारमा विद्युत् सेवा पुगेको छ । मधेसमा ९८ प्रतिशत हाराहारी भेगमा विद्युत् सेवा पुगेको छ ।

काठमाडौं उत्पकाकामा करिब शतप्रतिशत घरपरिवारमा विद्युत् सेवा पुगेको तथ्यांकले देखाएको छ । कर्णालीको भने ग्रामीण भेगमा ७४.८ प्रतिशत घरपरिवारमा मात्र सेवा पुगेको छ । सुदूर पश्चिमको ७८.२ प्रतिशत घरपरिवारमा विद्युत् सेवा पुगेको तथ्यांकले देखाएको छ ।

सर्वेक्षण अनुसार नेपालमा ९५.५ प्रतिशत घरपरिवारमा टेलिफोन (स्थिर टेलिफोन वा मोबाइल) सुविधा पुगेको छ । यसमा सबैभन्दा धेरै बागमती प्रदेशमा ९७.१ प्रतिशत घरपरिवारमा यो सुविधा पुगेको देखिन्छ । सबैभन्दा कम भने सुदूरपश्चिम प्रदेशमा ९२.६ प्रतिशत रहेको सर्वेक्षणको नतिजा छ ।

कार्यालयका अनुसार सर्वेक्षणमा तथ्यांक संकलन गर्न नेपालभरि ५ सय ४० क्लस्टर (गणना क्षेत्र) मध्ये सहरी क्षेत्रबाट ३ सय ४ र ग्रामीण क्षेत्रबाट २ सय ३६ क्लस्टर छानिएको थियो ।

हरेक क्लस्टरबाट २४ परिवार छनोट गरी तथ्यांक संकलन गरिएको थियो । यसरी छानिएका १२ हजार ९ सय ६० परिवारबाट पारिवारिक विवरण संकलन गरिएको थियो । *(स्रोत: अनलाईनखबर)*

## *साथी, सामाजिक...*

लोभ र कुविचारबाट मुक्त हुन्छ । मनदेखि मन जोडिएको यो नाता जीवनको अमूल्य धन हो । यसले हाम्रो दैनिकी सहज बनाउँछ, रमाइलो बनाउँछ र अर्थपूर्ण बनाउँछ । इतिहास हेर्दा पनि, महान व्यक्तित्वहरूका सफलतामा साथीहरूको भूमिका महत्वपूर्ण छ ।

उदाहरणस्वरूप, महात्मा गान्धी र जवाहरलाल नेहरुको साथीत्वले भारतको स्वतन्त्रता आन्दोलनलाई बलियो बनायो । आधुनिक समयमा, स्टिभ जब्स र स्टिभ वोज्नियाकको साथीत्वले एप्पल कम्पनी जन्मायो । यस्ता उदाहरणहरूले देखाउँछन् कि साँचो साथीले सपनाहरू साकार पार्न मद्दत गर्छ ।

तर, आजको समाजमा यो नाता कति कमजोर भएको छ ? सामाजिक सञ्जालहरुले 'फेक फ्रेन्डशिप' को संस्कृति फैलाएका छन्, जसमा वास्तविकता हुँदैन । हामीले हजारौं 'फ्रेन्ड' थप्छौं, तर दुःखमा कोही पनि साथ दिँदैन । यसले गर्दा, युवा पुस्तामा एक्लोपन बढेको छ । अध्ययनहरुका अनुसार, विश्व स्वास्थ्य संगठनले पनि सामाजिक अलगावलाई एक महामारीको रुपमा चित्रित गरेको छ । यसलाई रोक्न, हामीले वास्तविक साथीत्वलाई महत्व दिनुपर्छ । यसका लागि, समझदारी, विश्वास र निस्वार्थ भावना आवश्यक छ । साथी छनोट गर्दा, उसको चरित्र हेर्नुपर्छ- ऊ तपाईंका लागि कति समर्पित छ ? ऊ तपाईंको विकासमा सहयोग गर्छ कि होइन ?

साँचो साथीत्वले समाजलाई पनि मजबुत बनाउँछ । यदि हरेक व्यक्तिसँग यस्ता साथीहरु हुन्छन् भने, समाजमा सकारात्मक परिवर्तन आउँछ । यो नाता जाति, धर्म वा वर्गभन्दा माथि हुन्छ । मेरो अनुभवमा, मेरा साथीहरू विभिन्न पृष्ठभूमिबाट छन्- कोही हिन्दू, कोही बौद्ध, कोही क्रिश्चियन । तर, हाम्रो सम्बन्धमा कुनै भेदभाव हुँदैन । यसले मलाई सिकाएको छ कि साथीत्व भनेको विविधतामा एकता हो । यसले व्यक्तिगत रूपमा पनि विकास गर्छ- नयाँ विचारहरू आदान-प्रदान हुन्छ र जीवनको दृष्टिकोण फराकिलो हुन्छ ।

अन्तमा, साथी भनेको जीवनको यात्रामा साथी यात्रु हो, जसले बोझ हलुका बनाउँछ । अन्य सम्बन्धहरु प्रायः स्वार्थी समाज र संरचनाका उपज हुन्छन्, तर साथीत्व चोखो र शाश्वत हुन्छ । यसलाई जोगाउन, हामीले प्रयास गर्नुपर्छ- नियमित सम्पर्क, समझदारी र समर्थन दिएर । यदि तपाईंसँग यस्ता साथीहरु छन् भने, तिनलाई संरक्षण गर्नुहोस् । यदि छैनन् भने, खोज्नुहोस् । किनकि, जीवनमा साथी बिना अधुरो छ । यो नाता नै हो, जसले हामीलाई मानव बनाउँछ र समाजलाई सुन्दर बनाउँछ । *(स्रोत: अनलाईनखबर)*

## माइग्रेसन हराएको सूचना

श्री सेकेण्डरी स्कूल, गरुडा–५, महम्मदपुर रौतहटबाट २०८० सालमा (१०+२) तह उत्तीर्ण गरी राष्ट्रिय परीक्षा बोर्डबाट प्राप्त गरेको माइग्रेसन सर्टिफिकेट अंजली कुमारी यादव (रजिष्ट्रेशन नम्बर ७९२३२०५५०००६, सिम्बोल नम्बर २३२०५४३९) को मिति २०८२ साल पुष ३० गतेका दिन हेटौंडा–२, मकवानपुर बहुमुखी क्याम्पसबाट बजार जाने क्रममा हराएको हुँदा कहिँकतै देख्नु पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तल उल्लेखित मोबाइल नम्बरमा सम्पर्क गरी उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ ।

**सम्पर्क: ९७४६६६५४४८**

## हार्दिक श्रद्धाञ्जली



जन्म : २००१ पुस २२ गते

स्वर्गारोहण : २०८२ माघ १९ गते

**स्व. पिताम्बर थपलिया**

यस विद्यालयकी शिक्षक कल्पना अधिकारीका पुजनीय ससुराबुबा **पिताम्बर थपलिया**को निधनको खबरले हामी मर्माहत भएका छौं । यस दुखद् घडीमा स्वर्गीय बुबाप्रति श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछौं । साथै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**प्रिन्सिपल**

**एवम् सिद्धार्थ शिशु सदन परिवार**

**हेटौंडा-५, मकवानपुर**

## हार्दिक श्रद्धाञ्जली



जन्म : २००१ पुस २२ गते

स्वर्गारोहण : २०८२ माघ १९ गते

**स्व. पिताम्बर थपलिया**

**समृद्ध समाज राष्ट्रिय दैनिक**को संस्थापक सदस्य भानुभक्त थपलियाका पुजनीय बुबा **पिताम्बर थपलिया**को निधनको खबरले हामी मर्माहत भएका छौं । यस दुखद् घडीमा स्वर्गीय बुबाप्रति श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछौं । साथै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**समृद्ध समाज राष्ट्रिय दैनिक परिवार**

**हेटौंडा-४, मकवानपुर**

## इन्द्रसरोवर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

कुलेखानी, मकवानपुर
बागमती प्रदेश, नेपाल

### प्रस्ताव आव्हानको सूचना

*प्रथम पटक प्रकाशन मिति: २०८२/१०/२६*

यस कार्यालयको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार "प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण भएको सशर्त वित्तीय पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" बमोजिम देहायका कार्यक्रमहरु साझेदारी गर्न ईच्छुक निजी फर्म, उद्यमी, समूह, सहकारी तथा कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले एक्काइसौ (२१) औँ दिनको कार्यालय समयभित्र यस कार्यालयमा प्रस्ताव दर्ता गर्नु हुन आव्हान् गरीन्छ । साथै रित नपुगी वा म्याद नाघी प्राप्त प्रस्तावहरु छनौटमा समावेश नगरीने व्यवहोरा समेत जानकारी गराइन्छ ।

| क.सं. | कार्यक्रमको नाम | संख्या | अनुदान रकम लाखमा रु. | कार्यक्रम लागू हुने क्षेत्र | लगत साझेदार |
|---|---|---|---|---|---|
| १ | बाखा प्रवर्द्धन कार्यक्रम | १ | ४ | इन्द्रसरोवर गाउँपालिका | ५०% |

**आवश्यक कागजातहरु:**

१. कार्यक्रममा सहभागिताको लागि सम्पर्क नम्बर सहितको निवेदन ।
२. (नवीकरण सहित) संस्थाको हकमा दर्ता गरेको प्रमाणपत्रको प्रतिलिपी कर चुक्ता र कार्यक्रममा सहभागी हुने सदस्यहरुको नागरिकताको प्रतिलिपि ।
३. संस्थाको स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि र लेखा परीक्षण प्रतिवेदन ।
४. कृषक समूह/सहकारीको हकमा बैठक निर्णय प्रतिलिपि, समूह/सहकारीले प्रस्ताव पेश गर्दा अनिवार्य रुपमा कृषक छनौट गरी कृषकको नाम र ठेगाना खुलाइएको बिवरण ।
५. प्रस्ताव अनुसारको लागत अनुमान । (प्रस्तावना)
६. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
७. दोहोरो अनुदान नलिएको स्वघोषणा पत्र ।
(निवेदन, संक्षिप्त कार्ययोजनाको ढाँचा तथा कार्यक्रम संचालन कार्यविधि WWW.dls.gov.np बाट डाउनलोड गर्न वा कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।)

**थप जानकारीको लागी:**

इन्द्रसरोवर गाउँपालिका पशु विकास शाखा वा सम्बन्धित वडा पशु प्राविधिकहरुसँग कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ ।
बोधार्थ:
१. इन्द्रसरोवर गाउँपालिका सबै वडा कार्यालयहरु (सूचना टाँस गरिदिनको लागि अनुरोध)

# जिल्ला म्याथमेटिकल ओलम्पियाडः विद्यार्थीको न्यून सहभागिता

समाज संवाददाता

हेटौँडाः मकवानपुरमा सम्पन्न 'जिल्ला म्याथमेटिकल ओलम्पियाड (डीएमओ)' परीक्षामा विद्यार्थीको सहभागिता अत्यन्तै न्यून देखिएको छ। म्याथमेटिकल एसोसिएसन अफ नेपाल, बागमती प्रदेशको आयोजनामा सम्पन्न परीक्षमा जम्मा ३८ जना विद्यार्थीमात्रै सहभागी भएको म्याथमेटिकल एसोसिएसन अफ नेपाल बागमतीका सचिव किशन बास्तोलाले जानकारी दिनुभयो।

हेटौँडा उपमहानगरपालिकाले परीक्षाका लागि विद्यालयहरुमा आधिकारिक निर्देशन र परिपत्र पठाए तापनि मकवानपुरका जम्मा ७ वटा विद्यालयबाट मात्रै विद्यार्थीहरूको सहभागिता रहेको थियो। सचिव बास्तोलाका अनुसार पालिकाबाट विद्यालयलाई खबर पुगे पनि विद्यालयका प्रधानाध्यापकहरुले विद्यार्थीलाई जानकारी नदिने गरेको पाइएको छ। गत माघ ६ र ११ गते भएको परीक्षामा जिल्लाबाट २५ जना विद्यार्थी प्रदेशस्तरीय परीक्षाका लागि छनोट भएका छन्।

आगामी जुलाई १० देखि २० सम्म चीनमा आयोजना हुने '६७ औँ अन्तर्राष्ट्रिय म्याथमेटिकल ओलम्पियाड (आइएमओ)' का लागि यो पहिलो चरणको छनोट परीक्षा थियो। छनोट भएका विद्यार्थीहरूले हाल अनलाइन माध्यमबाट तालिम लिइरहेको सचिव बास्तोलाले जानकारी दिनुभयो।

प्रदेशस्तरीय म्याथमेटिकल ओलम्पियाड परीक्षा आगामी फागुन २ गते हेटौँडा-४ स्थित पेन्टागन एकेडेमीमा सञ्चालन हुनेछ। प्रदेशस्तरबाट छनोट हुने विद्यार्थीहरूले राष्ट्रियस्तरको 'नेपाल म्याथमेटिकल ओलम्पियाड' मा प्रतिस्पर्धा गर्न पाउनेछन्। राष्ट्रिय परीक्षामा उत्कृष्ट ६ भित्र पर्ने विद्यार्थीले चीनमा हुने अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपालको प्रतिनिधित्व गर्दै सहभागी हुनेछन्।

कक्षा ८ देखि १२ सम्मका विद्यार्थीहरु यस प्रतियोगितामा सहभागी हुन पाउँछन्। अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी हुने विद्यार्थीले विश्वका उत्कृष्ट विश्वविद्यालयहरूमा पूर्ण छात्रवृत्तिमा अध्ययन गर्न पाउने सचिव बास्तोलाले बताउनुभयो।

# वीरगञ्जमा व्यापारी र सुरक्षाकर्मीबीच झडप, ३ जना सशस्त्र प्रहरी घाइते




वीरगञ्ज : वीरगञ्ज महानगरपालिका-१० आदर्शनगरमा रहेको एक गोदाममा सशस्त्र प्रहरी बल नेपाल र वीरगञ्ज भन्सार कार्यालयको संयुक्त टोलीले छापा हानेको छ।

राजस्व छलीको सूचनापछि छापा हान्दा व्यापारी र सुरक्षाकर्मीबीच झडप भएको छ। झडपमा तीनजना सशस्त्र प्रहरी कर्मचारी घाइते भएका छन्।

सशस्त्र प्रहरी बल नेपाल, प्रस्तावित सीमा सुरक्षा बल, वीरगञ्ज भन्सारमा कार्यरत सशस्त्र प्रहरी नायव उपरीक्षक विकास अधिकारीका अनुसार सशस्त्रसहितको टोली विशेष सूचनाका आधारमा आदर्शनगरमा प्रमोद कुमार कानुले सञ्चालन गरेको 'बबिता इन्टरप्राइजेज' को गोदाममा पुगेको थियो।

टोलीले खानतलासी सुरु गर्नासाथ स्थानीय व्यापारीहरूले कडा विरोध जनाएका थिए। व्यापारीहरूले आफूहरूसँग सामानको स्पष्ट बिलबिजक रहेको दाबी गर्दै विनाकारण दुःख दिइएको आरोप लगाएका छन्। बिल देखाउँदा समेत सामान नियन्त्रणमा लिन खोजिएपछि अवस्था तनावग्रस्त बन्दै गएको व्यापारीहरूको भनाइ छ।

आक्रोशित व्यापारीहरूको समूहले सशस्त्र प्रहरीमाथि ढुङ्गामुढा गरेपछि झडपको अवस्था सिर्जना भएको सशस्त्र प्रहरीले जनाएको छ। ढुङ्गा प्रहारका कारण सशस्त्र प्रहरीले प्रयोग गरेको गाडीको अगाडिको सिसा फुट्नुका साथै तीनजना सशस्त्र प्रहरी कर्मचारी सामान्य घाइते भएका छन्।

छापामारीका क्रममा सशस्त्र प्रहरीले गोदामबाट ५ पोका साडी, कुर्ता-सुरुवाल लगायतका कपडाका सामग्री नियन्त्रणमा लिएको छ। नियन्त्रणमा लिइएको सामानको मूल्य करिब ५ लाख रुपैयाँ बराबर रहेको भएपनि सामानको विस्तृत विवरण र यकिन परिमाण भने हालसम्म सार्वजनिक गरिएको छैन।

अहिले सामानको लगत संकलन गर्ने र मुचुल्का उठाउने काम भइरहेको छ। गोदाम कसको हो र सामान वैध हो वा होइन भन्ने विषयमा पनि थप अनुसन्धान जारी रहेको नायव उपरीक्षक अधिकारीले जानकारी दिए। घटनापछि उक्त क्षेत्रमा सुरक्षा व्यवस्था कडा पारिएको छ।

*(स्रोतः अनलाईनखबर)*

# फागुन ११ देखि जिल्लास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता हुने

समाज संवाददाता

हेटौँडाः मकवानपुर जिल्लास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता आगामी फागुन ११ गतेदेखि सुरु हुने भएको छ। मकवानपुर जिल्ला खेलकुद विकास समितिको आयोजनामा फागुन ११ गतेदेखि १३ गतेसम्म प्रतियोगिता सञ्चालन हुने जिल्ला खेलकुद विकास समितिका अध्यक्ष राजकुमार मोक्तानले जानकारी दिनुभयो।

आइतबार हेटौँडा-४ स्थित जिल्ला खेलकुद विकास समितिको कार्यालयमा अध्यक्ष मोक्तानको सभाध्यक्षतामा बसेको बैठकले प्रतियोगिता फागुनमा हुने निर्णय गरेको हो। प्रतियोगिताको उद्घाटन समारोह हेटौँडा-४ स्थित हुप्रचौरमा हुने अध्यक्ष मोक्तानले बताउनुभयो।

प्रतियोगितामा ६ वटा विधाका खेलहरु हुनेछ। अध्यक्ष मोक्तानका अनुसार प्रतियोगिता अन्तर्गत भलिबल, उसु, तेक्वान्दो, कराँते, कबड्डी र एथ्लेटिक्स विधाका खेलहरू हुनेछन्। प्रतियोगितामा जिल्लाका पालिकास्तरीय राष्ट्रपति रनिङ्ग शिल्डबाट छनोट भएर आएका खेलाडीहरूले प्रतिस्पर्धा गर्नेछन्।

पालिकास्तरबाट आएका प्रतिभावान खेलाडीहरूलाई जिल्ला हुँदै राष्ट्रियस्तरसम्म पुऱ्याउन, उनीहरूको खेल कौशल प्रष्फुटन गर्न र क्षमता विकासका लागि यो प्रतियोगिता आयोजना गरिएको अध्यक्ष मोक्तानको भनाइ छ। प्रतियोगिताका विजेताहरुले स्वर्ण, रजत र काँस्य पदकसहित प्रमाणपत्र प्राप्त गर्नेछन्। प्रतियोगिता सम्पन्न गर्नका लागि करिब १० लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ। यो प्रदेशस्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिताका लागि छनोट प्रतियोगिता हो। गत वर्षको जिल्लास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताको उपाधि हेटौँडा उपमहानगरपालिकाले जितेको थियो।

# मोटरसाइकल र स्कुटर ठोक्किँदा तीन जना घाइते

समाज संवाददाता

हेटौँडाः हेटौँडा-९, एचआईडी गेट नजिक पूर्व-पश्चिम राजमार्गको सडकखण्डमा मोटरसाइकल र स्कुटर एक आपसमा ठोक्किँदा तीन जना घाइते भएका छन्। आइतबार दिउँसो १२ बजेर ३० मिनेटको समयमा रातमाटेतर्फ जाँदै गरेको ना ६ ख ५९१४ नम्बरको ट्रकलाई सोही दिशाबाट आउँदै गरेको प्रदेश ३-०३-००१ प ८०२३ नम्बर को मोटरसाइकलले ओभरटेक गर्ने क्रममा भित्री सडकखण्डबाट हाइवे निस्किरहेको ना ५६ प ४०९६ नम्बरको स्कुटरलाई ठक्कर दिएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ।

दुर्घटनामा मोटरसाइकल चालक हेटौँडा-९, मास्टरचोकका २३ वर्षीय रोहान साह, स्कुटर चालक ३४ वर्षीय सचिन भेटुवाल र स्कुटर पछाडि सवार ३६ वर्षीया स्वेता भेटुवाल घाइते भएका थिए। घाइते तीनै जनालाई उपचारका लागि हेटौँडा अस्पताल लगिएको प्रहरीले जानकारी दिएको छ।

# खेलकुद तथा व्यापार महोत्सव स्थगित

समाज संवाददाता

हेटौँडाः जिल्ला खेलकुद विकास समिति मकवानपुरको आयोजनामा हुन लागेको दोस्रो वृहत् खेलकुद, कृषि, पर्यटन तथा व्यापार महोत्सव स्थगित भएको छ। सोमबार प्रेस विज्ञप्ति जारी गरी निर्वाचन अचारसंहिता र सुरक्षा व्यवस्थाका कारण महोत्सव स्थगित गरिएको जिल्ला खेलकुद विकास समिति मकवानपुरका अध्यक्ष राजकुमार मोक्तानले जानकारी दिनुभयो।

अध्यक्ष मोक्तानका अनुसार जिल्ला प्रशासन कार्यालय मकवानपुरको निर्देशनमा स्थगित गरिएको महोत्सव अगामी फागुन २९ गतेदेखि चैत्र १४ गतेसम्म सञ्चालन हुनेछ। यसअघि समितिले फागुन २ गतेदेखि १६ गतेसम्म महोत्सव आयोजना गर्ने निर्णय गरेको थियो।

हेटौँडा-१० स्थित टिसिएन चौरमा महोत्सव हुने अध्यक्ष मोक्तानले बताउनुभयो। महोत्सवमा राष्ट्रिय महिला भलिबल, जिल्लास्तरीय पुरुष भलिबल, तेक्वान्दो, जिल्लास्तरीय व्याडमिन्टन, जिल्लास्तरीय कराँते तथा १० किलोमिटर दौड प्रतियोगिता हुनेछ।




सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग

## गोश्वारा हुलाक कार्यालय
## जिल्ला हुलाक कार्यालय

मकवानपुर

**"घरघरमा हुलाक, मनमनमा हुलाक"**

नेपाल हुलाकबाट प्रदान हुँदै आएका तपसिलमा उल्लेखित सेवाको उपयोग गरी राष्ट्रको समृद्धिमा टेवा पुऱ्याउनुहुन अनुरोध छ।

**प्रमुख सेवाहरू**

**१. साधारण चिठी पत्र सेवा**

यो सेवा अन्तरर्गत साधारण पत्र, दृष्टिबिहीनले प्रयोग गर्ने साहित्य, बुकपोष्ट, समाचार पत्र, हवाईपत्र, साना पाकेटहरु पर्दछन्।

**२. रजिष्ट्री सेवा**

- चिठीपत्रलाई नियमानुसार Postal Internal Tracking system (PITS) प्रविष्ट गरी दर्ता चलानी र प्राप्तिको अभिलेख राखेर गरिने सेवा।
- चिठीपत्र पुगे/ नपुगेको अवस्था थाहा पाउन त्चबअपष्लन को व्यवस्था।

**३. पार्सल/पुलिन्दा सेवा**

- २ केजी देखि २० केजी सम्मको सामान पठाउन सकिने
- हुलाक वस्तुको अवस्था थाहा पाउन Tracking को व्यवस्था।

**४. टिकट बिक्री सेवा**

- नियमित टिकट बिक्री र फिलाटेलिक सेवा

५. व्यवसायिक सेवा

द्रुत डाँक सेवा (Express mail service EMS)

- छिटोछरितो, सुरक्षित र भरपर्दो रुपमा चिठीपत्र, कागजात, सामान वा पार्सलहरु पठाउने माध्यम।
- हुलाक वस्तुको अवस्था थाहा पाउन ट्र्याकिङ (Tracking) को व्यवस्था
- हुलाक वस्तुको छिटो ढुवानीको लागि प्राथमिकतामा राखी यसको गहनता बमोजिम स्थल वा हवाई मार्गबाट पठाउने व्यवस्था।

**एजेन्सी सेवाहरू (प्रत्यायोजित अधिकार अन्तरर्गतका सेवाहरू)**

१. सूचनाको हक कार्यान्वयन सम्बन्धी अनुगमन।
२. एफ.एम. रेडियो र केवल (cable) नवीकरण तथा अनुगमन।
३. प्रेस प्रतिनिधि पास, अनलाइन पत्रिका, संचारकर्मी परिचयपत्र नवीकरण।
४. पत्रपत्रिका दर्ता तथा अङ्क प्रमाणितको लागि सिफारिस।
५. छापा तथा विद्युतीय संचार माध्यमलाई लोक कल्याणकारी विज्ञापन प्रकाशन गरेबापत रकम भुक्तानी र सोको अनुगमन।

**हेटौँडा रिफरेन्स ल्याबरोटरी**

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।

**(HRL)**

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

**हेटौँडा रिफरेन्स ल्याबरोटरी**

हेटौँडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

**वास्तु किन चाहिन्छ ?**

**Scientific & Modern**
**तरिकाबाट वास्तु गर्न चाहनुहुन्छ ?**



❖ पन्चतत्व सन्तुलित राख्न,
❖ वास्तुदोषबाट हुने हानी/नोक्सानीबाट जोगिन,
❖ घर/जग्गाबाट लाभ/हानी थाहा पाउन,
❖ गृहस्थी जीवन सन्तुलन राख्न,
वास्तु घरको मेरुदण्ड हो, यसले पञ्चतत्व (अग्नी, आकास, जल, वायु र पृथ्वी) सन्तुलन गर्दछ।
❖ वैदिक वास्तुमा आधारित रहेर Scientific & Modern Vastu गराउँदा, बनी सकेको घरको तोडफोड नगरिकन वास्तुदोष निवारण गर्न सकिन्छ।

**तपाईको जन्म मिति र मोबाईल नम्बरबाट शुभ अंक निकाल्न र अंकको प्रभावबाट सकारात्मक परिवर्तन ल्याउन चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस्।**

निशूल्क परामर्श
❖ Mobile Numerology,
❖ Crystal Remedy

Contact :
Sanukajis Ghalan
9766120056
9824224095

के तपाई आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस् ०५७-५२६८३०